प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय

# शिक्षा तथा सामाजिक विकास निर्देशनालय

राप्ती उपत्यका (देउखुरी), दाङ

प.सः ०७८/०७९
च.नं.:

सूचना प्रकाशित मिति २०७८।०७।०९

**बिषय: साझेदारीमा विद्यालय खेलकुद संरचना मर्मत संभार तथा निर्माणका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा यस निर्देशनालयको आ.व. २०७८।०७९ को स्वीकृत वार्षिक कार्यक्रममा साझेदारीमा विद्यालय खेलकुद संरचना मर्मत संभार तथा निर्माण कार्यक्रम रहेकोले यस निर्देशनालयसँगको साझेदारीमा विद्यालय खेलकुद संरचना मर्मत संभार तथा निर्माण गर्न यस प्रदेश भित्रका इच्छुक सामुदायिक विद्यालयलाई तपसिल बमोजिमका विवरण तथा कागजातसहितको प्रस्ताव सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिएको म्याद पछि प्राप्त हुने प्रस्ताव उपर कुनै कारबाही हुने छैन।

**तपसिल**

१. विद्यालय खेलकुद संरचना निर्माण स्थलको जग्गाधनी प्रमाण पत्र वा भोगाधिकार रहेको कागजात ।
२. गत विगत वर्षमा सरकारी रकम वा अन्य स्रोतको रकम प्रयोग गरी मर्मत संभार तथा निर्माण कार्य भएको भए हालसम्म भएको बजेट खर्च र सम्पन्न कामको विस्तृत विवरण ।
३. चालु आ.व २०७८।०७९ मा गरिने निर्माण कार्यको विस्तृत विवरण र सोको प्रमाणित लागत अनुमान ।
४. खेल संरचना निर्माणका लागि यस निर्देशनालयबाट उपलब्ध गराइने बढीमा पाँच लाख रकमको कम्तीमा १५ प्रतिशत रकम साझेदारी गर्ने विद्यालय व्यवस्थापन समितिको निर्णयसहित विद्यालयको सुनिश्चितता पत्र
५. खेलकुद संरचना निर्माण प्रारम्भ पूर्वको प्रारम्भिक प्रमाणित लागत अनुमान ।
६. कार्य प्रारम्भ गर्ने र सम्पन्न गर्ने समयसीमा सहितको स्पष्ट कार्ययोजना ।
७. स्थानीय तह वा अन्य निकायबाट चालु आ.व.२०७८।०७९ मा उक्त खेल संरचनाका लागि बजेट विनियोजन गरेको भए विनियोजन भएको बजेटको विवरण ।
८. निर्माण गरिने खेल संरचनाको प्रमाणित लागत अनुमान, नक्शा, ड्रइङ डिजाइन र DPR निर्माण भएको भए सोको प्रतिलिपी ।
९. विद्यालयमा खेलकुद प्रशिक्षकको व्यवस्था भएको भए नियुक्ति पत्र सहित सोको विवरण।
१०. विद्यालयमा अध्ययनरत कक्षागत तथा जम्मा विद्यार्थी संख्याको विवरण ।
११. विद्यालयमा अध्ययनरत मुस्लिम, दलित र मधेशी छात्राहरुको नाम, कक्षा र ठेगाना सहितको विवरण।
१२. विद्यालयमा हाल रहेको खेल मैदान/संरचनाको विवरण
१३. विद्यालयमा अध्ययन गर्ने विद्यार्थीले विगत पाँच वर्ष यता कुनै राष्ट्रिय वा प्रदेशस्तरीय वा जिल्लास्तरीय खेलकुद प्रतियोगितामा भाग लिएको वा पदक प्राप्त गरेको भएमा सोको सहभागिता पत्र वा प्रमाण पत्र।

मनोज कुमार गैरे
नि. निर्देशक

नि. निर्देशक